ISSN 2505–0974

# म जुजुमान कथाको मनोविश्लेषण

हरिहर चापागाईं, उपप्राध्यापक
पशुपति बहुमुखी क्याम्पस
harihar.chapagai@gmail.com

## सार

प्रस्तुत अध्ययन पाश्चात्य चिन्तनअन्तर्गत मनोवैज्ञानिक सिद्धान्तमा आधारित रही गोविन्दबहादुर मल्ल 'गोठाले' को म जुजुमान कथाको विश्लेषणमा आधारित छ । दाह्री पनि नकाटी दश वर्षअघि बिहेमा सिलाएको पुरानो झुत्रे कोट लगाएर सालीका छोराको पास्नीको भोज खान गएको यस कथाको मुख्य पात्र जुजुमान अपमानित भएको महशुस गरी भोजै नखाई घर फर्किन्छ । ऊ आफ्ना घरबाट निस्केर जाँदा बाटैदेखि म अरुभन्दा कमजोर छु भन्ने मानसिकता बोकेर सालीका घरमा पुग्छ । त्यहाँ पुगेर आफूभन्दा सुकिलामुकिला ठुलाबडा मान्छे देखेपछि आफूलाई अरुभन्दा झन् कमजोर ठानी सोहीअनुसारको व्यवहार गर्न पुग्छ र अन्त्यमा उसलाई नोकरहरुले खाने ठाउँमा लागेर भोज खुवाउन लागेपछि अपमानित भएको ठानेर भोजै नखाई घर फर्किएको हो । यही क्रममा देखा परेका जुजुमानका विभिन्न प्रकारका मानसिक उतारचढाव र मूलतः उसको हीनताले ग्रस्त मानसिकताको विश्लेषण फ्रायड, एडलर र अन्य मनोविज्ञानका सिद्धान्तमा आधारित रही विश्लेषण गरिएको छ ।

**शब्दकुञ्जी** : मनोविश्लेषण, अवचेतन मन, जैविक सिद्धान्त, हीनत्वको क्षतिपूर्ति, युक्तिकरण

## विषयपरिचय

म जुजुमान कथाका लेखक गोविन्दबहादुर मल्ल 'गोठाले' (जीवनकाल वि.सं.१९७९-२०६७ )बहुमुखी साहित्यिक प्रतिभा हुन् । उनले कथा, उपन्यास र नाटकजस्ता नेपाली साहित्यका प्रमुख विधामा कलम चलाएर विशेष प्रसिद्धि पाएका छन् । 'गोठाले'ले मैनालीको सामाजिक यथार्थवाद तथा कोइराला र भिक्षुको मनोविश्लेषणलाई समेतलाई आफ्ना कथामा प्रस्तुत गरेर मौलिकपनका साथ आफ्नो कथायात्रालाई अघि बढाए । १९९७ सालको शारदा पत्रिकामा उनको त्यसको भाले कथा पहिलापटक प्रकाशित भएको हो । उनका कथासङ्ग्रह (२००४), कथैकथा (२०१६), प्रेम र मृत्यु (२०३९) र बाह्र कथा (२०५२) गरी जम्मा चारओटा कथासङ्ग्रह प्रकाशित छन् । उनी मुख्यतः मनोवैज्ञानिक कथाकार नै हुन् । उनका कथामा कुनै खास सामाजिक पृष्ठभूमि भएका पात्रको मनोविज्ञानका साथै कामवृत्ति, विक्षिप्तता, अपराधवृत्ति आदिजस्ता मनोभावका सामान्य र असामान्य दुवै अवस्थाको प्रभावकारी चित्रण पाइन्छ । 'म जुजुमान' कथा गोठालेको दोस्रो कथासङ्ग्रह कथैकथा (२०१६) मा सङ्गृहीत समाज मनोविज्ञानमा आधारित कथा हो । यस कथामा कथाको मुख्य पात्र जुजुमानको मानसिकताको चित्रण गरिएको छ । प्रस्तुत कथालाई समाज मनोविज्ञानका कोणबाट विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो । मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमै जन्मन्छ, समाजमै हुर्कन्छ र त्यही समाजअनुरूपको मानसिकताको निर्माण हुन्छ । व्यक्ति आफू हुर्केको समाजमा सम्पूर्ण रूपले सक्षम हुँदैन । उसले अरूसँग आफूलाई तुलना गर्दा कुनै न कुनै रूपले कमजोर ठान्दछ । त्यसैले उसमा हीनत्वको भावना विकसित हुन्छ र त्यो चरममा पुगेपछि त्यसको विष्फोट हुन्छ । अर्थात् उसमा उच्चताबोधी भावनाको विकास हुन्छ र त्यसको क्षतिपूर्ति स्वरूप कुनै न कुनै कार्य गर्छ । यही समाज मनोविज्ञानको पक्षलाई आधार बनाएर यहाँ 'म जुजुमान' कथाको विश्लेषण गरिएको छ । म जुजुमान कथा समाज मनोवैज्ञानिक दृष्टिले केकस्तो छ ? भन्ने कुरा नै यस अध्ययनको मुख्य समस्या हो भने यस कथालाई समाज मनोवैज्ञानिक दृष्टिले अध्ययन विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो ।

प्रस्तुत अध्ययन पूर्ण रूपमा साहित्यिक अध्ययन हो । यस अध्ययनका मुख्य तथा सहायक सामग्री पुस्तकालयीय विधिबाट सङ्कलन गरिएका छन् । अध्ययनको मुख्य वा प्राथमिक सामग्रीका रूपमा 'गोठाले'को म जुजुमान कथा रहेको छ भने उक्त कथाको विश्लेषणका निम्ति आवश्यक पर्ने सैद्धान्तिक तथा यस कथासँग सम्बद्ध अन्य लेख र सन्दर्भ सामग्री द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यो अध्ययन समाज मनोविज्ञानलाई मूल आधार बनाएर गरिएको हुनाले यसका लागि व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको छ ।

## सैद्धान्तिक पर्याधार

यस अध्ययनमा म जुजुमान कथाको विश्लेषणका लागि मनोविश्लेषणलाई मुख्य सैद्धान्तिक पर्याधारका रूपमा

ग्रहण गरिएको छ । मनोविश्लेषणात्मक सिद्धान्तका प्रणेता सिग्मन्ड फ्रायड हुन् । यस सिद्धान्तलाई अगाडि बढाउने क्रममा अल्फ्रड एडलर र कार्ल गुस्ताफ युङ प्रसिद्ध छन् । फ्रायड यौनमनेविश्लेषणका क्षेत्रमा प्रसिद्ध छन् भने एडलरको प्रसिद्धि सामाजिक मनोविज्ञानका क्षेत्रमा छ । उता कार्ल युङ भने सामूहिक अवचेतनको सिद्धान्त प्रतिपादन गर्दछन् । मनोवैज्ञानिक सिद्धान्तका प्रणेता फ्रायडका शिष्य एवम् सहयोगी अल्फ्रेड एडलरले समाज मनोविज्ञानको सुरुआत गरेका हुन् । फ्रायडसँगको वैचारिक मतभेदपछि उनले आफ्नो छुट्टै सैद्धान्तिक मान्यता अगाडि सारेका हुन् । फ्रायडले यौन (sex) सम्बन्धी धारणाहरूमा अत्यन्त जोड दिएका कारणले एडलरले फ्रायडसँग सम्बन्ध विच्छेद गरी नयाँ मान्यता स्थापना गरेका हुन् । "एडलरले यौनलाई प्रधान नमानेर सामाजिक रुचि (social interest) मा जोड दिन्छन् । यिनका अनुसार मानिस मुख्य रूपमा सामाजिक प्राणी हो कामुक प्राणी होइन .... एडलरको मनोविज्ञान सही अर्थमा भन्ने हो भने समाज मनोविज्ञान हो" (भण्डारी, २०५८ पृ. १४८) । फ्रायड अवचेतन मनमा दमित अवस्थामा रहेको कामवृत्ति (Libido) लाई जीवनको मुख्य प्रेरणा स्रोत मान्दछन् भने एडलर चाहिँ अवचेतन मनमारहेको हीनत्व र उच्चता ग्रन्थिलाई नै जीवनको प्रेरणा स्रोत मान्दछन् । "फ्रायडको मनोविश्लेषण सिद्धान्त जैविक शक्तिमा आधारित देखिन्छ भने एडलरको सिद्धान्त चाहिँ सामाजिक शक्तिमा आधारित देखिन्छ (श्रेष्ठ, २०५४ पृ. २०२) । एडलरका अनुसार समाजमा कुनै पनि व्यक्ति सम्पूर्ण रूपमा सक्षम वा पूर्ण हुँदैन । ऊ समाजमा सामाजिक, आर्थिक, शारीरिक वा मानसिक आदि रूपमा असक्षम वा अपूर्ण हुन्छ । यस असक्षमताले उसको अहममा चोट पुग्न जान्छ । यसैको प्रतिफल स्वरूप उसको अहम (म पनि केही हुँ भन्ने भाव) मा आघात पुग्न जान्छ । यसरी प्रताडित अहम्ले हीनत्व भाव (Inferiority Complex) लाई जन्म दिन्छ । हीनताको भावनाले व्यक्तिलाई क्षतिपूर्तिका लागि प्रोत्साहित गरिरहन्छ । यही हीनत्व भावको क्षतिपूर्ति (compensation) स्वरूप व्यक्तिले विभिन्न व्यवहार एवं क्रियाकलाप गरी समाजमा आफ्नो उच्चता कायम गर्ने कोसिस गर्दछ ।

समाज मनोविज्ञान (Social psycology, 1965) का लेखक रोबर्ट ए. ब्यारोन (Robert A. Baron) र अन्य मनोवैज्ञानिकहरू पनि मानवीय मनोविश्लेषण गर्ने क्रममा मनोरचनाहरूको चर्चा गर्दछन् । जसअनुसार केही प्रमुख मनोरचनाहरू निम्नानुसार छन् : दमन (Repression), प्रतिगमन (Regression), युक्तीकरण (Retionalization), प्रतिक्रिया निर्माण (Reaction Formation), क्षतिपूर्ति (Compensation), रेचन (Catharsis) ।

**क) दमन (Repression)** : दमन एउटा प्रमुख मनोरचना हो । यसबाट चिन्ता गर्ने अन्तर्मन स्वतः अचेतन मनमा जान्छ । त्यसको सम्बन्ध इदसँग हुन्छ । यो कुरा अहम् तथा उच्च अहम्लाई थाहा हुँदैन । त्यसलाई अहम्ले दमन गरिदिन्छ । यसले गर्दा सामाजिक जीवनसँग व्यक्तिको आंशिक रूपमा समायोजन स्थापित हुन जान्छ तैपनि दमनको प्रक्रिया बढी भयो भने दमित इच्छाहरू व्यक्तिको अचेतन मनमा जम्मा हुँदै जान्छन् र मौका पाएपछि विष्फोटित हुन्छन् ।

**ख) प्रतिगमन (Regression)** : व्यक्ति कुण्ठा र अन्तर्द्वन्द्वबाट उत्पन्न तीव्र दुःखपूर्ण अनुभूति र तनावबाट मुक्ति पाउनका लागि आफ्ना पुराना अनुभवहरूतर्फ फर्कन्छ । यस मनोरचनामा वयस्क व्यक्तिले बच्चाहरूले जस्तै व्यवहार प्रदर्शन गर्न थाल्दछ । वर्तमान परिस्थिति असह्य हुन थालेपछि व्यक्तिले आफ्नो बाल्यकालीन समयको विकासका विभिन्न क्रमको पुनरावृत्ति गर्न थाल्दछ र केही समयका लागि उक्त पीडादायक परिस्थितिबाट मुक्ति पाउँछ । यो मनोरचना जीवनमा आइपरेका समस्याको समाधानका लागि बाल्यावस्थामा फर्किने प्रवृत्ति हो ।

**ग) युक्तीकरण (Retionalization)** : यस मनोरचनामा व्यक्तिले आफ्नो अहम्लाई मान्य नहुने कष्टकर तथा आत्मसम्मानमा चोट पुऱ्याउने व्यवहारका वास्तविक कारणहरूका स्थानमा तर्क वा युक्ति (जुन तर्क वा युक्ति गलत पनि हुन सक्छ) द्वारा अर्को मान्य कारण खोज्न सफल हुन्छ ।

**घ) प्रतिक्रिया निर्माण (Reaction Formation)** : आफ्ना अचेतनमा रहेका इच्छाहरूको ठिक विपरीत व्यवहार गर्नुपर्ने परिस्थिति निर्माण भएमा व्यक्तिको अहम्लाई स्वीकार्य हुँदैन । त्यसैले दुःखद अनुभवबाट बच्नका लागि उसले यी इच्छाहरूको ठिक विरोधी प्रवृत्तिहरूलाई चेतनस्तरमा अपनाउन पुग्दछ ।

**ङ) क्षतिपूर्ति (Compensation)** : कुनै व्यक्तिले आफ्नो काममा सफलता प्राप्त गर्न नसकेपछि उसमा मानसिक द्वन्द्व बढेर हीनत्वको भावको विकास हुन्छ । यस भावलाई लुकाउनका लागि उसले अन्य क्षेत्रमा अगाडि बढी आफ्नो अहम्लाई सन्तुष्ट पार्दछ र आफ्नो ध्यानलाई दोषतर्फ जानबाट बचाउँछ ।

**च) रेचन (Catharsis)** : प्रायः सबैजसो व्यक्तिमा गुण वा अवगुणहरू रहेका हुन्छन् । अवगुणहरूको दमन गरियो भने तिनीहरू कुनै न कुनै दिन भयङ्कर रूपले प्रकट हुन्छन् । त्यसैले मस्तिष्कलाई दमन आदिबाट मुक्त गर्न र

सन्तुलित व्यक्तित्व कायम गन त्यस्ता विचारलाई कहिलेकाहीँ स्वतन्त्र रूपले प्रकट हुन दिनुपर्छ । रेचन प्रक्रियापछि व्यक्तिले आफूलाई ज्यादै ठुलो भारबाट मुक्त भएको जस्तो हल्का अनुभव गर्दछ (भण्डारी, २०५८, पृ.७५-८३) । म जुजुमान कथालाई यिनै सिद्धान्तलाई मूल आधार बनाई अध्ययन गरिएको छ ।

**विमर्श र परिणाम**

म जुजुमान कथामा 'गोठाले' ले जुजुमानलाई मुख्य पात्र बनाएर उसैको हीनताबोधी मानसिकतालाई प्रस्तुत गरेका छन् । यो कथा २००७ को जनक्रान्तिभन्दा अगाडिको परिवेशलाई आधार बनाएर लेखिएको हो । जुजुमानलाई सहरमा रहेको सालीका घरमा उसका बच्चाको पास्नीको भोज खान जानुपरेको छ । उसकी स्वास्नी सुत्केरी छ । त्यसैले उसैले सो भोजमा जानुपर्ने भएको हो । ऊ गाउँको बासिन्दा भएकाले उसलाई सहरको रहनसहनका बारेमा केही थाहा छैन । उसको सालीको लोग्ने अड्डामा सेक्रेटरी छ । ऊ २००७ सालको राणाविरोधी आन्दोलनमा भाग लिएर जेल परेका मान्छे हो । ऊसँग दश वर्षअघि सिलाएको कोट मात्रै छ । सोही कोट लगाएर ऊ भोज खान जान्छ । बाटामा राम्रा कोट पाइन्ट लगाएर एउटा केटो आउँछ । उसले उसैको खुम्चेको सुरुवाल र पुरानो र मैलो कोट हेरेको झैँ लाग्छ । उसले आफैँलाई चित्त बुझाउँदै भन्छ, "लुगा लगाए पनि म जुजुमान नलगाए पनि म जुजुमान ।"  त्यसपछि उसका हात आफ्ना दाह्री नकाटेका गालामा पुग्दा ऊ झस्कन्छ र भन्छ, "दाह्री काटे पनि म जुजुमान नकाटे पनि म जुजुमान ।" ऊ सहरमा पुग्छ र त्यहाँको होहल्ला र भिडभाड हेरेर अचम्ममा पर्छ । पहिला आइसकेको सालीको घर नदेखेर अलमलिन्छ र सोधेर मात्र पुग्छ । अचम्म मान्दै घरभित्र पस्छ । सालीले उसलाई देखेपछि पनि भागी (ढोग) गर्दिन । अरूसँग भिनाजु नभनेर सानुदिदीको पोइ भनेर चिनाउँछे । मन्त्रीकी छोरीलगायत अन्य थुप्रै मिमजस्तै कोटपाइन्ट लगाएका स्वास्नीमान्छे बैठकमा देखेपछि ऊ  पुगेर मेचमा नबसी भुइँमा थचक्क बस्छ । सबैले उसलाई छक्क परेर हेर्न थाल्छन् । बैठकमा मानिसहरू टेबुलमा राखेको चुरोट झिक्दै खाँदै गरिरहेका थिए । त्यो चुरोट झिकेर खान नसकी आफूसँग भएको दुई पैसे फूलमार चुरोट झिकेर खान थाल्छ । त्यहाँ बसेका मानिसहरू गफ गर्दै हाँसिरहेका थिए । उनीहरूको कुरा ऊ केही पनि बुझ्दैन । उसको साढुभाइ बैठकमा आइपुग्दा उसले पहिले नमस्ते गर्छ । त्यसपछि उसलाई आफू ऊभन्दा ठुलो भए पनि पहिले नमस्ते किन गरेँ भन्दै पछुतो हुन थाल्छ । सबै जना भोज खानका निम्ति उठ्छन् । उठुँ कि नउठुँ हुँदाहुँदै ऊ अरूभन्दा पछाडि पर्छ । पछाडिबाट पनि उसले भोजका निम्ति सजाएर राखेका थरीथरीका परिकार देख्छ । त्यही समयमा उसको साढुभाइको भानिजले उसलाई नोकरहरूले खाने अर्को कोठामा लिएर जान्छ । त्यहाँ उसले देखे जस्ता केही परिकार हुँदैनन् । उसले साहराका निम्ति यताउति सालीलाई हेर्छ तर कतै पनि उसलाई देख्दैन । त्यसपछि ऊ पिसाब गर्ने निहुँले भोजै नखाई घरतिर हिँड्छ । अनि बाटमा भाग्दै ऊ सुनसान पुल भएको ठाउँमा आइपुग्छ र भन्छ, "मैले मनग्गे भोज खाइसकेँ ।"

अब उसलाई बाल्यकालमा जर्नेलको सवारी भएको समयमा एउटा मानिसले गर्धन समाएर घोक्र्याएको, पैसा चोरेर बाह्रमासे खेल्न जाँदा उसका बाबुले कान समातेर घिसार्दै घरमा ल्याएको, भरियासँग उसको झगडा पर्दा उसले कुजात भन्दा भरियाले उसलाई कुटेको, क्रान्तिको समयमा जुलुसमा डराएर जान नसकेको आदि कुराको सम्झना हुन्छ । घरमा पुगेर ऊ स्वास्नीलाई समेत मुख नदेखाई कोठामा पस्छ । आधारातमा उसलाई एकदमै भोक लाग्छ तर पनि ऊ आज म केही खाँदै खान्न भन्दै मलाई कसैसँग पनि रिसराग छैन भन्छ । तन्द्रामा उसकी मरिसकेकी आमाले उसलाई बोलाए जस्तो लाग्छ । मलाई कसैसँग पनि रिसराग छैन, तर मलाई यस्तो होला भन्ने केही थाहा थिएन भन्छ ।

**म जुजुमान कथाको मनोविश्लेषण**

म जुजुमान कथाको प्रमुख पात्र जुजुमान हीनताबोधले ग्रस्त पात्र हो । जुजुमानको साढुभाइ अड्डामा सेक्रेटरी छ, क्रान्तिअघि सामान्य व्यक्ति थियो । ००७ सालभन्दा अघि राणाहरूका विरुद्धमा आन्दोलन गर्दा जेल

परेकाले अहिले ऊ सेक्रेटरी जस्तो उच्च पदमा पुग्न सफल भएको हो । जुजुमान आफ्नो साढुभाइ अर्थात् सालीका पोइका तुलनामा आफूलाई हरेक पक्षमा कमजोर ठान्दछ । उसलाई साढुभाइको सहरमा रहेको घरमा पास्नीको भोज खान जानु छ तर उसको गतिलो लुगा छैन । दश वर्षअघि आफ्नो बिहेमा सिलाएको कोट मात्र भएकाले सोही कोट लगाएर जानुपर्ने बाध्यता उसलाई छ । उसको घर गाउँमा भएकाले अन्य समयमा उसलाई नयाँ लुगाको आवश्यकता महसुस हुँदैन । त्यसैले जस्तो लुगा आफूसँग छ सोही लुगा लगाएर ऊ पास्नीको भोज खान बाध्य छ । उसलाई ठुलाबडा मान्छेको सहरको घरमा पुरानो लुगा लगाएर जानु परेकाले उसको मनमा हीनताबोध सुरु भइसकेको छ त्यसैले उसलाई बाटामा कसैले हेर्‍यो भने उसकै पुरानो मैलिएको कोट र खुम्चिएको सुरुवाल हेरेको हो भन्ने लाग्न थाल्छ । बाटामा उसलाई एउटा ठिटाले हेर्दा उसको चटक्क परेको नयाँ इस्त्री लगाएको कपडासँग आफ्ना पुराना खुम्चिएका कपडाको तुलना गरी आफूलाई कमजोर ठान्न पुग्छ । यसै बेलामा उसको हात गालामा पुग्दा दाह्री नकाटेको चाल पाउँछ  र आफूलाई झनै कमजोर ठान्दछ । यस कमजोरीलाई उसको उच्चाहमलाई मन पर्दैन र जबरजस्ती दमन (ऋभउचभककष्यल) गरिदिन्छ । सहर पुगेपछि ऊ अत्यन्त कठिनाइका साथ साढुभाइको घर पत्ता लगाउँछ । त्यहाँको आधुनिक रहनसहन उसले आफूसँग मिल्ने देख्दैन । त्यस वातावरणमा भिज्न नसकेपछि ऊ आफू झन् कमजोर भएको महसुस गर्दछ । त्यहाँ पुगेपछि भेट भएकी सालीले उसलाई भागी (ढोग) नगरी भिनाजुको सट्टा सानु दिदीको पोइ भनेको सुन्दा उसको हीनताबोधी भाव झनै बढेर जान्छ । यसै क्रममा ऊ भित्र बैठक कोठामा पस्छ र मेचमा नबसी भुँइमा नै बस्छ । ऊ मेचमा बस्न हिम्मत गर्न सक्दैन । बैठकभित्र पसेर भुइँमा बसी समस्यामा परेको जुजुमान साढुभाइलाई देखेर हतार हतार नमस्कार गर्दछ; साढुभाइले नमस्कार पनि फर्काउँछ तर उसलाई आफू ठुलो भए पनि पहिले नमस्कार गरेकामा पछुतो लाग्न थाल्दछ । ऊ टेबुलमा राखेको चुरोट खानुको सट्टा आफैँसँग भएको सस्तो दुई पैसे फूलमार चुरोट झिकेर खान्छ । त्यहाँ कोठामा निकै ठुला जस्ता लाग्ने मान्छेले उसले नबुझ्ने किसिमका कुरा गर्छन् । यस्तैमा भोज खाने वेला हुन्छ । सबै भोज खान निस्कन्छन् । ऊ पनि पछि लाग्छ । अर्को कोठामा देख्दै मुख रसाउने परिकार सजाएको देखिन्छ । उसलाई त्यहाँ जान कताकता आफ्ठ्यारो लाग्छ । यति नै वेला उसको साढुभाइको भानिज (जसले उसलाई चिनेको हुँदैन) ले आएर उसलाई कामदार र भान्सेले खाने कोठामा लिएर जान्छ । उसलाई रिँगटा लागे जस्तो हुन्छ । ऊ आफूलाई एकदमै हेला गरेको सम्झी पिसाब फेर्ने निहुँले त्यहाँबाट निस्केर हिँड्छ । यसरी जुजुमान आफूलाई सो वातावरणसँग तुलना गरी आफू हीनताबोधको चरम उत्कर्षमा पुग्छ । उसको उच्चाहम्लाई ऊ साढुभाइका घरमा हेपिनुपरेको मन पर्दैन त्यसैले ऊ त्यहाँबाट भोजै नखाई पलायन हुन्छ ।

जब मान्छेमा उसभित्र रहेको हीनताबोधी भावना वा हीनताबोधी ग्रन्थि एकदमै प्रबल हुन्छ तब उसमा उच्चताबोध पलाउन थाल्दछ अर्थात् उसमा उच्चताबोधी ग्रन्थिको विकास हुन्छ । सुरुमा उसले आफूलाई अरूभन्दा कमजोर ठाने पनि अब ऊ म पनि केही हुँ, आफ्नो पनि यस संसारमा अस्तित्व छ भन्ने कुरा महसुस गरी आफ्नो अस्तित्व बचाउने प्रयत्न गर्दछ । र समाजमा आफ्नो छुट्टै पहिचान बनाउँछ । जसरी भकुन्डोमा हावा जति भर्‍यो उति उफ्रन्छ त्यसै गरी हीनत्व भावले मान्छेलाई बेसरी थिचेपछि उसको भाव उच्चतातिर विकास हुन थाल्दछ । जुजुमानमा पनि यो कुरा लागु हुन्छ । ऊ आफूलाई जब चारैतिरबाट निरीह ठान्दछ तब उसमा पनि केही हुँ भन्ने भाव पल्हाउँछ । भोजमा जाँदा बाटामा ठिटाले हेरेपछि ऊ भन्छ, “जे भए पनि म जुजुमान साहु नै त हुँ । लुगा लगाए पनि म जुजुमान नलगाए पनि म जुजुमान ।” दाह्री नकाटेका गालामा हात परेपछि उसलाई  आफू नराम्रो भए झैँ लाग्छ अनि उसमा हीनताबोधी भावनाको प्रबलता हुन्छ त्यसैले उसमा यसको क्षतिपूर्ति स्वरूप उच्चता ग्रन्थिको विकास हुन्छ र भन्छ, “दाह्री काटे पनि म जुजुमान नकाटे पनि जुजुमान ।” कोठामा बसेको समयमा टेबिलमा राखेको चुरोट भिक्न नसकेर आफ्नै खल्तीको दुई पैसे चुरोट झिकेर खाँदा पनि उसलाई हीनताबोध हुन्छ अर्थात् आफूलाई तुच्छ प्राणी ठान्दछ । यसले पनि उसको उच्चताबोधलाई घच्घच्याउँछ र फूलमार चुरोट झिकेर खाए पनि म जुजुमान नखाए पनि म जुजुमान नै हुँ भन्छ । अन्तिममा उसलाई खाना खानसमेत पाहुना बस्ने सम्मनित कोठामा नलगेर नोकरचाकर बस्ने कोठामा लैजान्छन् । तब उसले आफूलाई साह्रै निरीह ठान्दछ । आफूलाई साढुभाइकहाँ

साह्रै अपमान भएको ठानी म पनि त केही हुँ मेरो पनि अस्तित्व छ भन्ने कुराको बोध गरी भोजै नखाई आफ्नो घरतर्फ लाग्दछ। जुजुमान गाउँको साहु हो। ऊ त्यस ठाउँमा इज्जतदार र प्रतिष्ठित नै छ। तर सहरमा आफन्तका घरमा अपमानित हुनु पर्‍यो। यसको दोष भने ऊ कसैलाई पनि दिन चाहँदैन।

उनीहरू जस्तो सहरीया हुन नसकेका कारणले अपमानित हुनु परेको ठान्दछ तर यसमा न आफू सहरिया साढुभाइकै दोष छ न त उसको नै। गाउँका निम्ति ऊ ठिकै छ भने सहरका निम्ति उनीहरू ठिकै छन्। अनि ऊ कसैसँग पनि रिसराग नभएको कुरा गर्छ। ऊ भोजै नखाई फर्कन्छ तर यो कुरा कसैलाई थाहा दिन चाहँदैन। थाहा भएमा उसलाई सबैले अझ कमजोर ठान्दछन् भन्ने लाग्दछ अनि मनग्ये भोज खाइसकेँ भन्दै एक्लै बर्बराउँछ। श्रीमतीले पनि उसलाई कमजोर ठान्नेछे भनेर घरमा पनि ऊ यो कुरा थाहै नदिई बस्छ। उसलाई असाध्यै भोक लाग्छ तर खाना नखाई सुत्छ। यहाँ उसले आफ्ना अचेतनमा रहेका इच्छाहरूको ठिक विपरीत व्यवहार गर्नुपर्ने परिस्थिति निर्माण हुन्छ। यस अवस्थालाई ऊ स्वीकार गर्न सक्दैन। यो उसको अहम्लाई स्वीकार्य हुँदैन। त्यसैले दुःखद अनुभवबाट बच्नका लागि उसले यी इच्छाहरूको ठिक विरोधी प्रवृत्तिहरूलाई चेतनस्तरमा अपनाई प्रतिक्रिया निर्माण (Reaction Formation) गरी आफ्नो मनःस्थिति सन्तुलनमा राख्दछ।

व्यक्ति कुण्ठा र अन्तर्द्वन्द्वबाट उत्पन्न तीव्र दुःखपूर्ण अनुभूति र तनावबाट मुक्ति पाउनका लागि आफ्ना पुराना अनुभवहरूतर्फ फर्कन्छ। वर्तमान परिस्थिति असह्य हुन थालेपछि व्यक्तिले आफ्नो बाल्यकालीन समयको विकासका विभिन्न क्रमको पुनरावृत्ति गर्न थाल्दछ र केही समयका लागि उक्त पीडादायक परिस्थितिबाट मुक्ति पाउँछ। यस कथाको म पात्र जुजुमान पनि आफ्ना जीवनमा अपमानित हुनुपरेको घटनालाई सम्झन्छ र एक एक गर्दै तुलना गर्छ। ऊ आफ्नो बाल्यकालका स्मृतिमा रुमल्लिन पुग्छ। राणाकालकै समयमा जर्नेल सवारी भएको वेलामा अर्को व्यक्तिले गर्धन समातेर घोक्र्याएर गाली गरेको सम्झन्छ। ऊ केटाकेटी नै हुँदा बाले पसलमा बस्न अह्राउँदा नटेरी पैसा चोरेर बाह्रमासे खेल्न जान्छ। उसका बाबुले कान समातेर घिसार्दै घरमा फाल्न ल्याउँछ। ऊ रोइरहन्छ। बाबुले उसलाई यो तेरै लागि गरेको हो भनेर सम्झाउँछ। यो जीवनमा आइपरेका समस्याको समाधानका लागि बाल्यावस्थामा फर्किने प्रवृत्ति प्रतिगमन (Regression) हो।

**निष्कर्ष**

म जुजुमान कथामा जुजुमान पात्रका हीनताबोधी मानसिकता र त्यसको क्षतिपूर्तिस्वरूप उत्पन्न हुने उच्चताबोधी वा अहम्को भावनालाई कथाकार गोठालेले अत्यन्तै सुन्दर र जीवन्त तरिकाले प्रस्तुत गरेका छन्। यो एडलरको सामाजिक मनोविज्ञान वा हीनत्वको क्षतिपूर्तिको सिद्धान्त, रोबर्ट ए. ब्यारोन तथा अन्य मनोवैज्ञानिका दमन, प्रतिगमन, युक्तीकरण, प्रतिक्रिया निर्माण, क्षतिपूर्ति, रेचन आदि जस्ता सिद्धान्तमा आधारित छ। २००७ सालपछिको सङ्क्रमणकालीन समाजलाई पृष्ठभूमि बनाएर लेखिएको यस कथामा मनोविष्लेषणको कलात्मक प्रयोग गरिएको छ। यो कथा 'गोठाले'को मनोविश्लेषणात्मक प्रवृत्तिको पहिचान दिने प्रतिनिधि रचना हो।

**सन्दर्भ सामग्रीसूची**

आचार्य, नरहरि र अन्य, सम्पा.(२०६२), नेपाली कथा भाग-२ (चौथो सं.), ललितपुर : साझा प्रकाशन।
गोठाले, गोविन्दबहादुर (२०६३), कथैकथा (सातौँ सं.), ललितपुर : साझा प्रकाशन।
पाण्डेय, मधुसुदन, अनु. (२०६१), फ्रायडको मनोविश्लेषण, काठमाडौँ : पैरवी प्रकाशन।
भण्डारी, कृष्णप्रसाद (२०५८), फ्रायड र मनोविश्लेषण (दोस्रो सं.), ललितपुर : साझा प्रकाशन।
श्रेष्ठ, ईश्वरकुमार (२०५४), पूर्वीय एवं पाश्चात्य साहित्य समालोचनाः प्रमुख मान्यता वाद र प्रणाली (दोस्रो सं.) ललितपुर : साझा प्रकाशन।